**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
**टंगाल, काठमाडौं**

मितिः २०७९/१०/२० गते।

## प्रेस विज्ञप्ति

**श्री प्रधान सम्पादकज्यू / सम्पादकज्यू,**

**विषय :- आरोपपत्र दायर गरिएको ।**

---

जिल्ला पर्सा साविक वेल्वा गा.वि.स. वडा नं. ८ कि.नं. २७० क्षे.फ. विगा ०-१-५-० जग्गाधनी युवा स्पोर्ट्स क्लब नामक संस्थाको जग्गा व्यक्तिको नाममा गैरकानूनी तरिकाले श्रेस्ता कायम गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला पर्सा साविक बेल्वा गा.वि.स. वडा नं. ८ कि.नं. २७० ज.वि. ०-१-५-० युवा स्पोर्टस क्लबको नाममा रहेको जग्गा शेष सफि अहमदको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम गर्ने क्रममा फिल्ड प्रतिवेदन, निर्णयको लागि टिप्पणीसमेत पेस गरी निर्णय गरेकोले परिवर्तित लिखतबाट युवा स्पोर्टस क्लबको जग्गा उनाउ व्यक्ति (शेष सफि अहमद) को नाममा पुगी क्लबलाई हानी पुऱ्याएको साथै युवा स्पोर्टस क्लबको नामको जग्गाधनी दर्ता श्रेष्ताको विवरण रहेको मोठ पाना च्यातिएको अवस्थाका कारण मोठ श्रेष्तामा नरहेको देखिँदा व्यक्ति विशेषको नाममा गलत लिखत तयार गरी श्रेस्ता कायम गर्ने र सरकारी कागजात नोक्सान गर्ने भ्रष्टाचारजन्य कसूरमा संलग्न उल्लेखित कर्मचारीहरु र सरोकारवाला व्यक्तिहरुलाई देहायबमोजिमको कसूर तथा सजायको मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा १८ र दफा ३५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहायः-**

| सि.नं | नामथर | कार्यालय | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | तत्कालीन समयका र हालका समेत कार्यालय प्रमुख कमोद तिवारी, तत्कालीन नायब सुब्बा शम्भु साह रौनियार, तत्कालीन खरिदार शिवप्रकाश साह तेली | भूमि सुधार तथा मालपोत कार्यालय, पर्सा | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम गलत लिखत तयार गरेको कसूर देखिँदा निजलाई सोही दफा ९ बमोजिमको कैद र जरिवाना एवं गलत निर्णयलाई ढाकछोप गर्नको लागि मोठ च्यातिएको खुलेबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिमको सरकारी कागजात नोक्सान गरेको कसूरमा सोही दफा १२ बमोजिमको कैद र जरिवाना समेतको मागदावी लिइएको छ। |
| २. | तत्कालीन खरिदार रिन्ता कुमारी | भूमी सुधार तथा मालपोत कार्यालय, पर्सा | भ्रष्टाचार निवारण ऐन ,२०५९ को दफा १२ बमोजिमको सरकारी कागजात नोक्सान गरेको कसूरमा सोही दफा १२ बमोजिमको कैद र जरिवानाको मागदावी लिइएको छ। |
| ३. | शेष सफि अहमद | जिल्ला पर्सा, वीरगंज महानगरपालिका वडा नं. ३१ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम गलत लिखत तयार गरेको कसूरको मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसूर गरेको देखिएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम मूख्य कसूरदारलाई हुने सजाय सरह सजाय हुन मागदावी लिने र भ्रष्टाचार निवारण ऐन, २०५९ |

| | | | |
|---|---|---|---|
| | | | को दफा १२ बमोजिमको सरकारी कागजात नोक्सान गरेको कसूरको मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसूर गरेको देखिएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम मूख्य कसूरदारलाई हुने सजाय सरह सजाय हुन समेतको मागदावी लिइएको छ। |
| ४. | शेख साजिद एकबाल | जिल्ला पर्सा, वीरगंज महानगरपालिका वडा नं. ३१ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिमको सरकारी कागजात नोक्सान गरेको कसूरको मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसूर गरेको देखिएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम मूख्य कसूरदारलाई हुने सजायसरह सजाय हुन मागदावी लिइएको छ। |

प्रवक्ता
श्याम प्रसाद भण्डारी